# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ५** | **संख्याः १५** | **मितिः २०७९/१०/०३**


## भाग–२

## चन्द्रागिरि नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरकार्यपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७९ सालको कार्यविधि नं. १२

## चन्द्रागिरि नगरपालिका सवारी तथा यातायात व्यवस्थापन गर्न बनेको कार्यविधि २०७९

**प्रस्तावनाः**

सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी अभिवृद्धि गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपमा सेवा सञ्चालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा वातावरण अनुकूलको प्रविधिलाई प्राथमिकता दिन तथा समग्र यातायात व्यवस्थापन सम्बन्धमा

कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम चन्द्रागिरि नगरपालिकाले जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम चन्द्रागिरि नगरपालिका सवारी तथा यातायात व्यवस्थापन गर्न बनेको कार्यविधि २०७९ रहेको छ।

(२) कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **“प्रमुख”** भन्नाले चन्द्रागिरि नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(ख) **“उपप्रमुख”** भन्नाले चन्द्रागिरि नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(ग) **“ऐन”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनुपर्छ।

(घ) **“कार्यपालिका सदस्य”** भन्नाले चन्द्रागिरि नगरकार्यपालिकाको सदस्यलाई सम्झनुपर्छ।

(ङ) **“टिकट”** भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकटलाई सम्झनु पर्छ। यस शब्दले ई-टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकटसमेतलाई बुझाउनेछ।

(च) **“नगर सभा सदस्य”** भन्नाले चन्द्रागिरिनगरपालिकाको नगर सभाको सदस्यलाई सम्झनुपर्छ।

(छ) **“निर्धारित मापदण्ड”** भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा चन्द्रागिरि नगरपालिकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समयसमयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनुपर्छ।

(ज) **“पार्किङ्ग स्थल”** भन्नाले सवारी राख्न निर्धारण गरेको स्थललाई सम्झनुपर्छ।

(झ) **“प्रदूषण”** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषणलाई सम्झनुपर्छ।

(ञ) **“प्रदेश कानुन”** भन्नाले प्रदेश सभा, वागमती प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्वद्ध कानुनलाई सम्झनु पर्छ ।

(ट) **“अनुगमन समिति”** भन्नाले कार्यविधि को दफा १६ बमोजिम गठित अनुगमन समितिलाई सम्झनुपर्छ ।

(ठ) **“बस बिसौनी”** भन्नाले यात्रु बाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थललाई सम्झनुपर्छ ।

(ड) **“नगरपालिका”** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनुपर्छ ।

(ढ) **“रुपान्तरण”** भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट सञ्चालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल पेट्रोलबाट सञ्चालन हुनेलाई ग्याँस वा हाईब्रिडमा रुपान्तरण गरी सञ्चालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनुपर्छ ।

(ण) **“वातावरणमैत्री सवारी साधन”** भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने वा नगरपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनुपर्छ ।

(त) **“विद्युतीय सवारी साधन”** भन्नाले विद्युतीय प्रसारण लाईन, सोलार वा ब्याट्रीबाट सञ्चालन हुने सवारी साधनलाई सम्झनु पर्छ ।

(थ) **“सङ्घीय कानुन”** भन्नाले सङ्घीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुनलाई सम्झनुपर्छ ।

(द) **“व्यक्ति, संस्था”** वा **“कम्पनी”** भन्नाले प्रचलित कानुनबमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित व्यक्ति, संस्था वा कम्पनीलाई सम्झनु पर्छ ।

(ध) **“सम्बन्धित निकाय”** भन्नाले नगरपालिका क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारबाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैरसरकारी सङ्घ संस्थालाईसमेत सम्झनु पर्छ ।

(न) **“सार्वजनिक यातायात”** भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस, ट्रलिबस, मिनिबस, माईक्रोबस लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधनलाई सम्झनुपर्छ ।

(प) **“सेवा प्रदायक”** भन्नाले सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित सङ्घ संस्था, कम्पनी वा व्यक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## टिकट सम्बन्धी व्यवस्था

३. **टिकटको प्रयोगः** (१) सार्वजनिक यातायात सञ्चालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्री टिकटहरु प्रयोग गर्न सकिनेछ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गर्नुपर्नेछ ।

४. **टिकट अनिवार्य दिनुपर्नेः** (१) सार्वजनिक यातायातका साधनमा चढ्नुभन्दा पहिले वा चढेलगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्यरुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुनेछ । (२) विद्युतीय टिकट रहेको खण्डमा इ-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्ने छ । (३) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिएबमोजिम हुनेछ । (४) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

५. **टिकट अनिवार्य लिनुपर्नेः** नगरपालिका क्षेत्रभित्र रुट कायम भई सञ्चालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै निर्धारित भाडा तिरी टिकट लिनुपर्ने छ ।

६. **सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानुनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायबाट जारी भएको परिचयपत्र देखाउनुपर्नेछ ।

## परिच्छेद-३

## सार्वजनिक यातायात सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

७. **व्यक्ति, संस्था वा कम्पनीको दायित्वः** (१) सार्वजनिक यातायात सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व देहायबमोजिम हुनेछः-

(क) यात्रीहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रीवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त, बालबालिका, ज्येष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र परिचालकले प्रचलित कानुनबमोजिमको कार्य र आचरण गरे नगरेको सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सम्वन्धित निकायबाट अनुमति वा नवीकरण प्राप्त नगरी नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन नगर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्दा सम्वन्धित निकायबाट निर्धारण भएको भाडादरबमोजिम भाडा लिने व्यवस्था मिलाउने,

(ट) कार्तिकदेखि माघ मसान्तसम्म वडा नं २ को पिपलामोड लगायत अन्य गन्तव्यबाट बिहान ५ बजेदेखि र रत्नपार्कबाट राती ८ बजेसम्म छुट्ने र बाँकी अन्य महिनाको हकमा वडा नं २ को पिपलामोड लगायत अन्य गन्तव्यबाट बिहान ५ बजेदेखि र रत्नपार्कबाट राती ९ बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा सवारी साधन चल्ने व्यवस्था मिलाउने,

(ठ) सम्बन्धित निकाय वा नगरपालिकाले समयसमयमा तोकेको मापदण्ड पूरा नभएका साधन नचलाउने,

(ड) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

(ढ) सक्षम एवम् योग्य बर्कसप सम्वन्धीत निकायबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने,

(ण) नगरपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने,

(त) नगरपालिकाबाट समयसमयमा तोकेका कार्यहरु गर्ने/गराउने ।

(२) सार्वजनिक यातायात सञ्चालन गर्ने व्यक्ति, संस्था वा कम्पनीले देहायको कार्य गर्नेतर्फ निर्देशित हुनुपर्नेछः–

(क) यात्रीको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने/गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,

(घ) यात्रीवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवासम्बन्धी जानकारी दिन टोल फ्री-नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक सञ्जाल, आवाजसमेत लगायतका प्रविधि जडान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोबाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थिति प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउने,

(च) यात्रीहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिकरुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

(छ) कम्तिमा दस कक्षा उत्तीर्ण गरेका व्यक्तिलाई चालक तथा परिचालकमा नियुक्ति गर्ने,

(ज) खनिज इन्धनका सवारी साधनलाई विद्युत्बाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने

## परिच्छेद-४

## सवारी चालक, परिचालक तथा यात्री सम्बन्धी व्यवस्था

८. **सवारी चालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछः–

(क) प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

९. **परिचालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको परिचालक हुन योग्य मानिनेछः–

(क) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ख) कुनै प्रचलित कानुनले अयोग्य नरहेको ।

**१०. चालक, परिचालक तथा यात्रीलाई प्रशिक्षण:** (१) नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित चालक, परिचालक तथा यात्रीहरुलाई सार्वजनिक यातायातसम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायातसम्बन्धी सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालक तथा परिचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्नेछ ।

(३) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदल यात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइनेछ ।

## परिच्छेद-५
## कर्तव्य तथा निषेधित कार्य

**११. यात्रीको कर्तव्य:** (१) सार्वजनिक यातायात सेवा प्रयोग गर्ने यात्रीले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायातमा यात्रा गर्दा देहायका कार्य गर्नु हुदैंन:–

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छुटका लागि दाबी गर्ने,

(च) नक्कली परिचयपत्रबाट सुविधा लिन प्रयत्न गर्ने,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर सङ्कलन गर्न राखिएको भाँडोबाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डरधाक धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागुऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) बगली मार्ने वा अन्य चोरी गर्ने,

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

१२. **चालकको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले यात्री परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैंनः–

(क) निर्धारित पार्किङ्गस्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समयभन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) बस बिसौनी वाहेक अन्यत्र स्थानमा सवारी यात्री चढाउने, ओराल्ने,

(च) जेब्रा क्रसिङ्गमा पैदलयात्रीलाई प्राथमिकता नदिने,

(छ) अत्यावश्यक अवस्थामाबाहेक हर्न बजाउने,

(ज) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(झ) जथाभावी पार्किङ्ग गर्ने,

(ञ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ट) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ठ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ड) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. परिचालकको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न परिचालकले यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंनः–

(क) यात्रीसँग निर्धारितभन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) निर्धारित पोशाक नलगाई सार्वजनिक यातायातको साधनमा परिचालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ज) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

माथि उल्लेखित कार्यहरु गरेमा चन्द्रागिरि नगरपालिकाको आर्थिक ऐन वमोजिम दण्ड जरिवाना हुनेछ ।

**१४. पैदल यात्रीको दायित्वः** (१) मानिस हिँड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिँड्नुपर्ने छ । पेटी नभएको सडकमा हिँड्दा सो सडकको किनारातर्फबाट हिँड्ने गर्नुपर्ने छ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा-क्रसिंङ्ग, सब-वे, ओभरहेड-ब्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नुपर्ने छ ।

(३) सडक पेटीमा यात्रा गर्ने पैदल यात्रीले तोकिएबमोजिमको सडक अनुशासन तथा आचारसंहितापालना गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रीले देहायका कार्य गर्नु हुदैंनः–

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवतजावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेला हुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,

(घ) नगरपालिकाले समयसमयमा गर्न नहुने भनी तोकिएका कार्यहरु गर्ने ।

## परिच्छेद-६
## समन्वय तथा अनुगमन सम्बन्धी व्यवस्था

**१५. समन्वय गर्नेः** नगरपालिकाले सहरी सुव्यवस्थापनका लागि सार्वजनिक यातायात प्रणालीमा समयानुकूल स्थानीय नीति तर्जुमा गर्न, नियमन गर्न, एकीकृत यातायात अवधारणा अनूरुप सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापन गर्न, सार्वजनिक यातायातमा नवीन अवधारणा अवलम्बन गर्न तथा सार्वजनिक यातायात सेवाको गुणस्तर वृद्धि गरी समग्र यातायात सेवा प्रणालीमा प्रभावकारिता वृद्धि गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सार्वजनिक यातायात सेवा प्रदायक संस्था तथा कम्पनी, उपभोक्ता हित संरक्षण सम्वद्ध सङ्घ संस्थाहरु, सुरक्षा निकाय, ट्राफिक प्रहरी, आमसञ्चारका क्षेत्र, नागरिक समाज समेतसँग छलफल, अन्तर्क्रिया र परामर्श गरी सरोकारवाला निकायहरु बीचमा समन्वय गर्नेछ ।

**१६. अनुगमन समितिसम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक यातायात सेवा प्रदायकले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय सार्वजनिक यातायातको सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रीले कार्यविधि बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानुनबमोजिम कारबाही गर्न/गराउन देहायबमोजिमको समिति गठन हुनेछः–

(क) उपप्रमुख - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना कर्मचारी - सदस्य

(ग) नगरक्षेत्रभित्रको ट्राफिक प्रहरी महाशाखा प्रमुख वा निजले तोकेको ट्राफिक प्रहरी - सदस्य

(घ) सम्वन्धीत गन्तव्यस्थान पर्ने वडा अध्यक्ष वा निजले तोकेको सदस्य - सदस्य

(ङ) नगरपालिकाको आर्थिक विकास शाखाको शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) को समितिले जुनसुकै स्थान तथा समयमा सार्वजनिक यातायात सेवाको नियमन गर्न, चेकजाँच गर्न, आवश्यक निर्देशन दिन, आवश्यक कारबाही गर्न तथा नियमित कारबाहीको लागि घुम्ती निरीक्षक तोक्न वा सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(३) उपदफा (१) मा उल्लेखित कुनै व्यक्तिको कार्य सन्तोषजनक नलागेमा नगरपालिकाले त्यस्तो व्यक्ति हटाई सम्बन्धित क्षेत्रको अर्को व्यक्तिलाई नियुक्त गर्न/गराउन सक्नेछ ।

(४) उपदफा (१) को समितिले आफूलाई प्राप्त अधिकार नगरपालिकाका अन्य जनप्रतिनिधिहरु, ट्राफिक प्रहरी वा कर्मचारीहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(५) उपदफा (१) को समितिले दिएको निर्देशनपालना गर्नु सेवा प्रदायक, चालक, परिचालक, यात्री तथा तोकिएका जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी र घुम्ती निरीक्षकको कर्तव्य हुनेछ ।

(६) उपदफा (१) बमोजिमको अनुगमन समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(७) दफा ७ तथा दफा ११,१२,१३,१४ बमोजिम कसुरमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

**१७) नगरपालिकाले एक छुट्टै नगर यातायात प्रवर्द्धन कोष खडा गर्नेछ । यस कोषमा देहायबमोजिमका रकम जम्मा हुनेछन्:–**

(क) नगरपालिकाको नगर सभाबाट विनियोजित रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकारबाट यातायात क्षेत्र प्रवर्धनका लागि प्राप्त रकम,

(ग) स्वदेशी तथा विदेशी सङ्घ संस्था, व्यक्तिबाट यातायात क्षेत्र प्रवर्धनका लागि प्राप्त सहयोग रकम,

(घ) अन्य रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन खर्च सम्वन्धमा सिफारिस गर्न देहायबमोजिमको एक समिति गठन हुनेछः–

(क) नगरप्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) नगर प्रवक्ता सदस्य - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिले कोषको समुचित प्रयोग गरी सहरी यातायात व्यवस्थापन गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेका काम कारबाहीको प्रतिवेदन प्रमुखमार्फत कार्यपालिकामा पेस गर्नुपर्नेछ ।

(५) कोषको सञ्चालन देहायबमोजिम हुनेछ ।

(१) कोषमा रहेको रकम नगरक्षेत्रमा सार्वजनिक यातायात सञ्चालन गरेका यातायात व्यवसायीहरु सवै वा कुनै एक व्यवसायीलाई नगरपालिकाले तोकेको गन्तव्य,टिकट वा भाडामा सञ्चालन गर्दा सहुलियतमा सञ्चालन गर्न सूचना आव्हान गरी अनुसूची १ को ढांचामा सबै भन्दा कम दरमा प्रस्ताव पेश गर्ने इच्छुक यातायात व्यवसायीलाई छनौट गरि एक यातायात व्यवसायी संस्थालाई बढीमा वार्षिक रु. ५ लाख सम्म नगद अनुदान सहुलियत दिने गरि सञ्चालन गरिनेछ ।

(२) उपदफा (१)बमोजिम सहुलियत दिदा नगरपालिकाले देहायका आधार दिइने छ ।

क)  बस संख्याः संचालन हुने सवारी साधन सख्या (कम्तीमा नगरपालिकाले तोकेको गन्तव्य रुटमा मा ४ वटा वस सञ्चालन गरेको हुनुपर्ने)

ख)  बस सञ्चालनहुने समयः सेवा सुचारुहुने नगरले तोकेको समय(विहान ५ वजे नगरको गन्तव्यवाट छुटि साँझ रत्नपार्कबाट हिउदमा(मंसिर १ देखि माघ १५ गते सम्म) ८ वजे र अन्य समयमा साँझ ९ वजे छुटेको हुनुपर्ने)

ग)  बस सञ्चालन हुने स्थानः नगरले तोकेको गन्तव्य (वडा नं २ को पिपलामोड, मातातिर्थ, मातातीर्थ कुण्ड, मच्छेगाउँ, दहचोक तथा किटिनी भञ्याङ लगायत समय समयमा नगरपालिकाले तोकेको अन्य स्थान

(३)  उपदफा १, २ मा जुनसुकै कुरा लेखिएको भएपनि सहुलियत दिने नदिने र कस्लाई दिने, कति दिने भन्ने अन्तिम अधिकार नगरपालिकामा निहित हुनेछ ।

**१८. यात्री बीमा सम्बन्धी व्यवस्थाः** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानुनले तोकेबमोजिम बीमा गर्नुपर्ने छ ।

**१९. यातायातको सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः** नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध सङ्घ संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको सञ्चालन तथा व्यस्थापन गर्न सक्नेछ ।

**२०. कार्यपालिकाको अधिकारः** (१) प्रचलित कानुनबमोजिमका अन्य अधिकारका अतिरिक्त कार्यपालिकालाई देहायकोअधिकार हुनेछः–

(क)  यातायात व्यवस्थापनसम्बन्धी नीति तर्जुमा गर्ने, आवश्यक मापदण्ड तथा योजना बनाई कार्यान्वयन गर्ने/गराउने,

(ख)  नगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने, मूल सडक, सहायक सडक र भित्री सडकमा चल्ने यातायात साधनको वर्गीकरण गर्ने, एकतर्फी सडक निर्धारण गर्ने, सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने, पार्किङ्ग क्षेत्र निर्धारण गर्ने, रुटमा सवारी चलाउन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने, भाडादर निर्धारण गर्ने र सोको नियमन गर्ने, सेवाको गुणस्तर कायम गराउने

तथा गुणस्तर कायम नगर्ने संस्था वा कम्पनीलाई प्रदान गरिएको रुट चलाउने अनुमति खारेज गर्ने,

(ग) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम-संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना स्वीकृत गरी कार्यान्वयन गराउने,

(घ) काठमाडौं उपत्यकाभित्रका अन्य स्थानीय सरकारहरुसँग सहकार्य गरी यातायात व्यवस्थापन सम्बन्धमा उपत्यकाको एकीकृत अवधारणा तर्जुमा गर्ने, कार्यान्वयन गर्ने/गराउने,

(ङ) फुटपाथ, साइकल लेन, आकाशेपुल, सब-वे, जेब्रा-क्रस, बस, ट्याक्सी, साइकल पार्किङ्गस्थलको मापदण्ड बनाउने, कार्यान्वयन गर्ने/गराउने,

(च) ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,

(छ) वर्कसप दर्ता तथा नवीकरणको व्यवस्था मिलाउन लगाउने,

(ज) सडक जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्था मिलाउने, (झ) सडक सुरक्षा प्रर्वद्धन तथा सुशासन कायम गराउने,

(ञ) खनिज इन्धनका सवारी साधनलाई विद्युत्बाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गराउने,

(ट) विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने चार्जिङ्ग स्टेशन निर्माण तथा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने,

(ठ) दिगो यातायात प्रणालीलाई संस्थागत गर्ने विद्युतीय सवारी साधन खरिद गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सहुलियत दिने तथा सहुलियतको लागि समन्वय गर्ने ।

(२) कार्यपालिकाले यस दफा बमोजिम आफूलाई प्राप्त अधिकार प्रमुख वा उपप्रमुख वा वडा समितिको सदस्य वा कार्यपालिकाअन्तर्गतका समिति वा उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **अन्य प्रकारका सवारी साधनलाई समेत लागु हुने:** यस ऐनमा उल्लेख भएका व्यस्थाहरुमध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका

अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागुहुनेछः-

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने,

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने,

(ग) निर्धारित स्थानबाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने,

(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने,

(च) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनुपर्ने,

(छ) निर्धारित अधिकतम गतिभन्दा तीव्र गतिमा सवारी साधन नचलाउने,

(ज) पैदल यात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने,

(झ) आकस्मिक सेवामा सञ्चालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने,

(ञ) सवारी साधनमा अनिवार्य रुपमा बमन थैली राख्ने,

(ट) प्रचलित कानुनबमोजिम पालना गर्नु पर्ने अन्य कुरा ।

२२. **विशेष सहुलियत दिन सकिनेः** नगरपालिकाले सहरी बस, बिजुली बस, वातावरणमैत्री बस, केबुल-कार, मोनो-रेल, मेट्रो-रेल जस्ता ठूला यातायातका साधनहरु सञ्चालनमा ल्याउने संस्था वा कम्पनीलाई विशेष सहुलियत दिन समितिले विशेष निर्णय गर्न सक्नेछ ।

२३. **जनचेतना कार्यक्रम गर्न सक्नेः** नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२४. **घरपालुवा पशुपंक्षी छाड्न नहुनेः** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुंदैन । तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२५. **बाधा-अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा-अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा-अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्ने छ ।

२६. **कानुनबमोजिम हुने:** यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित सङ्घीय तथा प्रदेश कानुनबमोजिम हुनेछ ।

## अनुसुची १

**(दफा १७ को उपदफा ५ (१) संग सम्वन्धित)**

**चन्द्रागिरि नगरपालिका**

चन्द्रागिरि नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**बलम्वु, काठमाडौं**

**बागमती प्रदेश, नेपाल**

### प्रस्ताव पेश गर्ने फाराम नमुना

प्रस्ताव पेश गर्ने व्यक्ति/ संस्था/कम्पनीको नामः-..........................................

ठेगाना :-............................................... मोवाइल नंः-...........................

प्रस्तावको नाम :-..............................................................................

व्यक्ति, संस्था वा कम्पनीले पेश गर्ने आर्थिक प्रस्ताव :-...................................

प्रस्तावमा माग भए बमोजिमका संलग्न कागजातहरुः-

१) व्यवसाय दर्ता प्रमाण पत्र.

२) प्यान/भ्याट दर्ता प्रमाण पत्र

३) समितिको निर्णय

४) सम्वन्धित अन्य तोकिएको कागजात

माथी उल्लेखित विवरण ठिक साँचो भनि रु. एक हजार तिरेको रसिद यसै साथ संलग्न गरि प्रस्ताव पेश गरेको छु ।

आधिकारिक प्रतिनिधिको दस्तखतः-...........................................................

मितिः-..............................

**पुनश्चः- प्रस्ताव पेश गर्दा खाममा शिलवन्दी-लाहाछाप-हस्ताक्षर गरी पेश गर्नुपर्नेछ ।**

प्रमाणिकरणः २०७९ माघ ०३ गते — आज्ञाले

मूल्य रू. — जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत